# नेपालका अनुसन्धानकर्ता प्रहरी अधिकृत र अभियोजनकर्ता सरकारी वकीलहरुको

# दोस्रो राष्ट्रिय सम्मेलन २०७६ को

## अवधारणा-पत्र

परिचय :

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा समन्वय र सहकार्यमा जोड दिएको छ । महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा २०७३ साल माघ १४, १५ र १६ गते काठमाडौंमा नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । सो सम्मेलनले घोषणापत्रमा अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा नियमित संवाद, सहकार्य र समन्वयमा जोड दिएको थियो । यस अघि २०७३ साल पौष ८ गतेदेखि १० गतेसम्म सम्पन्न भएको नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले समेत अपराधको अनुसन्धान र अभियोजन कार्यलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताको समन्वय र सहकार्यमा जोड दिएको थियो । नेपालका सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ ले पनि मुलुकी संहिताहरु कार्यान्वयनको क्रममा अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच समन्वय र सहकार्य अझ बढी विस्तार गर्नु पर्ने आवश्यकता औंल्याएको थियो । सबै सम्मेलनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा सहकार्य र समन्वय कायम गर्न सकिएमा मात्र सरकार वादी फौजदारी मुद्दाको काम कारवाही प्रभावकारी हुने र सफलता हासिल हुन सक्ने विषयमा गम्भीर छलफल भएको थियो । विगत वर्षदेखि नेपाल प्रहरीको अग्रसरता र महान्यायाधिवक्ताको कार्यालयको सहकार्यमा आयोजना गरिएको अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको प्रादेशिक सम्मेलनले पनि दुई निकाय तथा अन्य सरोकारवालाहरु बीच समन्वय र सहकार्यको अवधारणालाई व्यवहारमा कार्यान्वयनमा ल्याउनु पर्ने प्रतिबद्धता व्यक्त भएको छ । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले प्रत्येक तीन वर्षमा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गरी घोषणापत्र जारी गरेको एवम् मुलुकी अपराध संहिता लगायतका नयाँ फौजदारी कानूनहरु कार्यान्वयनमा आएको सन्दर्भमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुलाई एकै थलोमा जम्मा गरी अपराध अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका लागि साझा दृष्टिकोण विकास गर्न तथा नयाँ कानूनहरुको प्रभावकारी रुपमा

कार्यन्वयन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा आगामी २०७६ साल मंसिर १३, १४ र १५ गते काठमाडौंमा दोस्रो सम्मेलन आयोजना गर्न लागिएको हो ।

**सम्मेलन आयोजना गर्नुको उद्देश्य:**

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित भएको घोषणापत्र कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै मुलुकी अपराध संहिता समेतका फौजदारी कानून र अन्य कार्यविधि कानूनको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गरी अपराध अनुसन्धान र अभियोजनको क्षेत्रमा सुधारका लागि साझा धारणा तय गर्ने मूल उद्देश्यले यो सम्मेलनको आयोजना गर्न लागिएको हो । यो सम्मेलन आयोजना गर्नुका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेकाछन् :

क. सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरु पहिचान गर्नु,

ख. सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको प्रभावकारिता अभिवृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुको बीचमा समन्वयको विकास गर्नु,

ग. अपराध अनुसन्धान र अभियोजनमा देखिएका समस्या र चुनौतीहरु सम्वोधन गर्नका लागि साझा धारणा विकास गर्नु,

घ. अपराधको अनुसन्धान र अभियोजन सम्वन्धी नयाँ कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरुपता कायम गर्नु,

**सम्मेलनमा सहभागिता :**

यो सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरु, अभियोजनकर्ता सरकारी वकीलहरु, विधि विज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरु तथा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट तोकिएका अन्य सहभागीहरु गरी करिव ५५० जनाको सहभागिता हुनेछ :

| | |
|---|---|
| क. अनुसन्धानकर्ता प्रहरी अधिकृतहरु | -२५० जना |
| ख. अभियोजनकर्ता सरकारी वकीलहरु | -२५० जना |
| ग. पर्यवेक्षकहरु (विधिविज्ञान विज्ञ समेत) | -२० जना |

घ. महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट -३० जना

जम्मा -५५० जना

**सम्मेलनको प्रारुप :**

सम्मेलन तीन दिवसीय हुनेछ । सम्मेलनमा उद्घाटन सत्र र समापन सत्रका अलावा सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनकर्ताको कार्य सम्पादनसँग सम्वन्धित विभिन्न बाह्र वटा विषयमा छलफल हुनेछ । छलफल गरिने कार्यपत्रहरु समेतको विवरण सम्मेलन पूर्व नै प्रकाशन गरी सबै सहभागीहरुलाई उपलव्ध गराइने छ । सहभागीहरुलाई विभिन्न ६ वटा समूहमा विभाजन गरिने छ । प्रत्येक सत्र १ घण्टा ३० मिनेटको हुनेछ । प्रत्येक सत्रमा ३० मिनेटको प्रस्तुति हुनेछ । सम्वन्धित विषयका विज्ञबाट २० मिनेटको टिप्पणी हुनेछ । प्रत्येक कार्यपत्रमा ३० मिनेट छलफल हुनेछ । १० मिनेट अध्यक्षबाट टिप्पणी सहित निष्कर्ष प्रस्तुत हुनेछ । महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल प्रहरीका बरिष्ठ अधिकारीहरुबाट कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ । सम्मेलनको अन्त्यमा छलफलबाट उठेका विषयहरु समावेश गरी साझा धारणा सहितको घोषणापत्र जारी गरिनेछ ।

**सम्मेलनमा छलफल गरिने विषयहरु:**

सम्मेलनमा देहायका विषयमा कार्यपत्र तयार गरी छलफल गरिनेछ :

१. मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु ।

२. मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु ।

३. अपराध अनुसन्धान तथा नियन्त्रण कार्ययोजना (CAP) कार्यान्वयनको अवस्था र सुधारका प्राथमिकताहरु ।

४. सरकार वादी मुद्दाको प्रभावकारिताका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका प्रयासहरु र अनुसन्धानकर्ता एवम् अभियोजनकर्तासँग राखिएका अपेक्षाहरु ।

५. सरकार वादी मुद्दाको अनुसन्धानमा गरिने प्रमाण संकलन एवम् परीक्षणको अवस्था ।

६. फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचको समन्वय र सहकार्य ।

७. अपराध पीडित संरक्षण ऐनको कार्यान्वयनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको जिम्मेवारी एवम् कार्यसम्पादनमा सुधारका लागि अपनाउनु पर्ने उपायहरु ।

८. गोपनीयताको अधिकार र अपराध अनुसन्धान (प्रमाण संकलनमा प्रविधिको प्रयोग र अभिलेखमा पहुँच समेत ।

९. सरकार वादी फौजदारी मुद्दामा अदालतले अनुसन्धान र अभियोजनका सम्बन्धमा गरेका टिप्पणी, निर्देशन र सुधारका लागि अपनाउनु पर्ने उपायहरु ।

१०. अपराध अनुसन्धानमा अन्तरदेशीय समन्वय ।

११. अपराध अनुसन्धानमा मेडिको लिगल र विधि विज्ञानको भूमिका र सुधारका क्षेत्रहरु ।

१२. बन तथा बन्यजन्तुसम्बन्धी अपराधको नियन्त्रणमा गर्नु पर्ने सुधार ।

**सम्मेलनको आयोजना र व्यवस्थापन समितिहरु :**

सम्मेलनको आयोजना र व्यवस्थापनका लागि देहाय बमोजिमको निर्देशक समिति र अन्य समितिहरु रहनेछन् :

**क. निर्देशक समिति**

सम्मेलनको आयोजना र व्यवस्थापनको समग्र पक्षमा मार्गनिर्देशन गर्नका लागि देहायका पदाधिकारीहरु रहेको सम्मेलन निर्देशक समिति हुनेछ :

| | |
|---|---|
| माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल | -संयोजक |
| नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | -सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय | -सदस्य |
| नायब महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल | -सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | -सदस्य |
| प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनाल | -सदस्य |
| प्रहरी अतिरिक्त महानिरीक्षक श्री पुष्कर कार्की | -सदस्य |
| प्रहरी अतिरिक्त महानिरीक्षक श्री ठुले राई | -सदस्य |
| प्रहरी नायब महानिरीक्षक श्री पिताम्वर अधिकारी | -सदस्य |
| सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | -सदस्य सचिव |

**ख. स्रोत साधन व्यवस्थापन समिति :**

सम्मेलनमा आवश्यक पर्ने स्रोत साधनको प्रक्षेपण गरी सोको व्यवस्थापन एवम् आवश्यक सहयोगको व्यवस्थाका लागि देहाय बमोजिमको समिति हुनेछ :

नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल -संयोजक

सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल -सदस्य

प्रहरी बरिष्ठ उपरीक्षक श्री दीपक थापा -सदस्य

उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोखरेल -सदस्य

प्रहरी नायब उपरीक्षक श्री वीरेन्द्र गोदार -सदस्य

शाखा अधिकृत श्री निशाकुसुम पौडेल -सदस्य

प्रहरी निरीक्षक श्री कमल बजगाँई -सदस्य

प्रमुख लेखा अधिकृत श्री जगतप्रकाश भट्ट -सदस्य सचिव

**ग. सम्मेलन संचालन तथा व्यवस्थापन समिति :**

सम्मेलनको तयारी, कार्यक्रमहरुको तर्जूमा, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति हुनेछ ।

नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय -संयोजक

सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी -सदस्य

प्रहरी नायब महानिरीक्षक श्री नारायण सिंह खड्का -सदस्य

प्रहरी वरिष्ठ उपरीक्षक श्री जीवन श्रेष्ठ -सदस्य

प्रहरी नायब उपरीक्षक श्री प्रविण धिताल -सदस्य

प्रहरी नायब उपरीक्षक श्री दिप्ती कार्की -सदस्य

शाखा अधिकृत श्री प्रभात क्षेत्री -सदस्य

शाखा अधिकृत श्री रोशी भण्डारी -सदस्य सचिव

**घ. सम्पादन समिति :**

सम्मेलनमा कार्यपत्रहरुको सम्पादन तथा प्रकाशन व्यवस्थापनका लागि देहाय बमोजिमको समिति हुनेछ :

नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला -संयोजक

सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली -सदस्य

सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी -सदस्य

प्रहरी बरिष्ठ उपरीक्षक डा. श्री गणेश रेग्मी -सदस्य

उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी -सदस्य

प्रहरी उपरीक्षक श्री जनार्दन जिसी -सदस्य

प्रहरी नायब उपरीक्षक श्री गज्जुसिद्धि मानन्धर -सदस्य

शाखा अधिकृत श्री आश्मा खड्का -सदस्य

प्रहरी निरीक्षक श्री रवीन्द्र महत -सदस्य

शाखा अधिकृत श्री शीव वाग्ले -सदस्य सचिव

**ङ. निमन्त्रणा व्यवस्थापन र अतिथि सत्कार समिति :**

सम्मेलनका सहभागाहरुको मनोनयनका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने, सम्मेलनको उद्‌घाटन तथा समापनका अवसरमा आयोजना गरिने कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरुलाई आमन्त्रण गर्ने, उपस्थितिको प्रबन्ध गर्ने र सम्मेलन अवधिभर सम्मेलनका अतिथिहरुलाई स्वागत सत्कार समेतका कार्य व्यवस्थापनका लागि देहायको समिति हुनेछ :

प्रहरी नायब महानिरीक्षक श्री विश्वराज पोखरेल -संयोजक

उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली -सदस्य

उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल -सदस्य

उपन्यायाधिवक्ता श्री विना दाहाल -सदस्य

प्रहरी उपरीक्षक श्री रमेश थापा -सदस्य

प्रहरी नायब उपरीक्षक श्री सुवास खड्का -सदस्य

प्रहरी नायब उपरीक्षक श्री दयानिधि ज्ञवाली सदस्य सचिव

शाखा अधिकृत श्री संगिता थोकर -सदस्य

**च. घोषणापत्र तयारी समिति :**

सम्मेलनबाट पारित गर्ने घोषणापत्रको मस्यौदा तयार गरी प्रस्तुत गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ :

नायब महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल -संयोजक

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई -सदस्य

सहन्यायाधिवक्ता श्री लोकराज पराजुली -सदस्य

प्रहरी नायब महानिरीक्षक श्री पिताम्बर अधिकारी -सदस्य

प्रहरी बरिष्ठ उपरीक्षक श्री भीमप्रसाद ढकाल -सदस्य

जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह -सदस्य

प्रहरी उपरीक्षक श्री सिद्धिविक्रम शाह -सदस्य

प्रहरी निरीक्षक श्री विक्रम साह -सदस्य

शाखा अधिकृत श्री श्रीराम खनाल -सदस्य सचिव

**छ. सम्मेलन कक्ष, खाना, बसोबास तथा भौतिक व्यवस्थापन समिति**

सम्मेलन सञ्चालन हुने कक्षको प्रबन्ध, सोको व्यवस्थापन, सहभागीहरुको खाना तथा बसोवास एवम् वितरण गरिने सामानको व्यवस्था समेतका लागि देहाय बमोजिमको समिति हुनेछ :

प्रहरी नायब महानिरीक्षक श्री रामप्रसाद श्रेष्ठ -संयोजक

उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी -सदस्य

उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल -सदस्य

उपन्यायाधिवक्ता श्री प्रकाश गौतम -सदस्य

प्रहरी नायब उपरीक्षक श्री नवराज थापा -सदस्य

प्रहरी नायब उपरीक्षक श्री किशोर श्रेष्ठ -सदस्य

शाखा अधिकृत श्री पुष्पराज बाँस्तोला -सदस्य

प्रहरी निरीक्षक श्री नरपति भट्ट -सदस्य

शाखा अधिकृत श्री गजराज घिमिरे -सदस्य सचिव

**ज. सम्मेलन तयारी सचिवालय :**

सबै समितिहरुको कार्यमा सहयोग पुर्‍याउन तथा सम्मेलनको तयारी तथा संचालनका लागि आवश्यक व्यवस्थापन गर्न तथा सम्मेलनको प्रचार प्रशार गर्नका लागि लागि पूर्णकालीन रुपमा काम गर्ने गरी देहाय बमोजिमको सम्मेलन तयारी सचिवालय हुनेछ :

सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना -संयोजक

प्रहरी वरिष्ठ उपरीक्षक श्री भीमप्रसाद ढकाल -सदस्य

उपन्यायाधिवक्ता श्री महेश खत्री -सदस्य

प्रहरी नायब उपरीक्षक श्री केशव थेवे -सदस्य

सबै समितिका सदस्य सचिवहरु -सदस्य

शाखा अधिकृत श्री हरिहर तिमिल्सिना -सदस्य

शाखा अधिकृत श्री शान्ति विक्रम शाह -सदस्य सचिव

**सम्मेलनको खर्च व्यवस्थापन :**

सम्मेलनका लागि आवश्यक पर्ने खर्च महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीबाट संयुक्त रुपमा गरिनेछ ।

**कार्यक्रम स्थल :**

सम्मेलनको उद्‌घाटन सत्र राष्ट्रिय सभागृह, भृकुटीमण्डपमा र समूह विभाजन पश्चात हुने छलफल तथा अन्य कार्यक्रमहरु सभागृह र नेपाल पुलिस क्लव, भृकुटी मण्डपमा हुनेछ ।

**सम्मेलनको अपेक्षित उपलब्धि :**

१. मुलुकी अपराध संहिता समेतका नयाँ फौजदारी कानूनको कार्यान्वयनको समीक्षा गरी सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको मूल्यांकन हुनेछ । यसबाट सुधारका कार्यहरु थालनी गर्न सहयोग पुग्नेछ ।

२. सरकार वादी मुद्दाका अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुको बीचमा समन्वयको विकास हुनेछ । सहकार्यको संस्कृति निर्माण गर्न सहयोग पुग्ने छ ।

३. अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन साझा धारणा विकास गर्न सहयोग पुग्नेछ ।

४. अनुसन्धानकर्ता र अभियोजनकर्ताले गर्ने काम कारवाहीमा एकरुपता कायम गर्न सहयोग पुग्नेछ ।

५. सरकार वादी फौजदारी मुद्दाका अनुसन्धान र अभियोजन बस्तुगत तथा वैज्ञानिक प्रमाणमा आधारित बनाउन आवश्यक पर्ने पूर्वाधार, स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्न सहयोग पुग्नेछ ।

६. स्वच्छ सुनुवाईका सिद्धान्त र मान्यताहरु व्यवहारमा रुपान्तरण गर्न र पीडित तथा साक्षीको संरक्षण गरी फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउनका लागि सहयोग पुग्नेछ ।